दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३३ | बुटवल | २०८३ बैशाख ३० गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday May 13, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

## तिलोत्तमाले भन्यो : डोजर आतंक हुँदैन



**लुम्बिनी संवाददाता**

*बुटवल*

रूपन्देहीको तिलोत्तमा नगरपालिकाले संघीय सरकारले भन्दैमा भूमिहीन/अव्यवस्थित बसोवासी बस्ती नहटाउने अडान लिएको छ।

अव्यवस्थित बसोवासी, भूमिहीन, सुकुम्वासी संघर्ष समितिको ७ बुँदे ज्ञापनपत्र बुझेपछि नगरप्रमुख रामकृष्ण खाँण र उप-प्रमुख जगेश्वरदेवी चौधरीले एकै स्वरमा संघीय सरकारले 'डोजर आतंक' मच्चाएको भन्दै त्यसको विपक्षमा रहेको बताए।

'अहिलेको सरकारले आतंक मच्चाएको छ, त्यसमा तिलोत्तमा नगरपालिकाको ऐक्यबद्धता छैन,' नगरप्रमुख खाँणले भने-'भूमिहीन/अव्यवस्थित बसोवासीलाई नापजाँच भएका जग्गाको लालपुर्जा दिनुपर्छ भन्ने पक्षमा छौं।'

नगर प्रमुख खाँणले भूमिहीन/अव्यवस्थित बसोवासीको आन्दोलनमा नगरपालिकाको साथ रहेको भन्दै कत्ति पनि विचलित नहुन आग्रह गरे।

'तपाईंहरुका मागमा ऐक्यबद्धता छ, समस्या समाधानमा चिन्तित छौं, माग पूरा गर्न पछि हट्दैनौ,' खाँणले भने-'वर्षौंदेखि बस्दै आएको घर र भूमि जोगाउन भएको आन्दोलन कानूनी कुरा मात्र हैन, मानवताको सवाल हो, लाखौं परिवारको सुरक्षा र छोराछोरीको भविष्यसँग जोडिएको संवेदनशील सवाल हो, तसर्थ सिंगो नगरपालिका तपाईंहरुको साथमा छ।'

नगर उप-प्रमुख जगेश्वरदेवी चौधरीले यसअघिका आयोगबाट नापजाँच भैसकेका जग्गाको लालपूर्जा वितरणका लागि राजस्व संकलनको सूचना जारी गर्न मात्र बाँकी रहेका बेला देशभर डोजर आतंकले लाखौं नागरिकलाई त्रसित बनाएको बताइन्। उनले संघीय सरकारबाट तथ्यांक दिन परिपत्र आए पनि निर्णय नगरेको बताइन्। 'अरु पालिकामा डोजर चल्दा यहाँ पनि आतंक मच्चिएको छ, तर हामी नगरवासीको साथमा छौं,' चौधरीले भनिन्-'तपाईंहरु ढुक्क रहनुस्, हामीले पीडा दिन्नौं।'

**प्रधानमन्त्री बालेन्द्र शाहलाई ७ बुँदे ज्ञापनपत्र**

संघर्ष समितिले तिलोत्तमा नगरपालिकामार्फत् प्रधानमन्त्री बालेन्द्र शाहलाई ७ बुँदे ज्ञापनपत्र पठाएको छ। जसमा भूमि ऐनअनुसार नापनक्सा समेत भइसकेको हुँदा अन्य बाँकी कार्य पूरा गरी भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई तत्काल लालपुर्जा उपलब्ध गराउन, भूमि ऐनअनुसार भूमिहीन दलित सुकुम्वासीलाई आवास र कृषिको लागि निःशुल्क लालपुर्जा दिन माग गरिएको छ।

भूमि ऐनअनुसार अव्यवस्थित बसोवासीका लागि कानुनले निर्धारण गरेको क्षेत्रफलमा नबढ्ने गरी आवासको लागि मालपोतमा लाग्ने रजिस्ट्रेशन शुल्कको हुन आउने १० प्रतिशत राजस्व बराबरको शुल्क लिई लाल पुर्जा दिन, भूमि ऐनअनुसार अव्यवस्थित बसोवासीको लागि कानुनले निर्धारण गरेको क्षेत्रफलमा नबढ्ने गरी कृषिको लागि मालपोतमा लाग्ने रजिष्ट्रेशन शुल्कले हुन आउने ५ प्रतिशत राजस्व बराबरको शुल्क लिई लालपुर्जा दिन माग गरिएको छ।

संविधानको धारा ३७ मा भएको आवासको अधिकार सुनिश्चित् गर्न, पूर्ववर्ती आयोगले नाप नक्सा गर्न बाँकी रहेका जग्गामा तत्काल नापी गरी लालपुर्जा उपलब्ध गराउन र पूर्ववर्ती आयोगले गरेका काम कारबाहीलाई निरन्तरता दिन माग गरिएको छ।

» बाँकी ३ पेजमा

### सरकारमाथि विपक्षीको प्रश्नै प्रश्न :

# संख्याको दम्भमा विधि नमिच्न चेतावनी



**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रतिपक्ष दलहरुले संख्याको दम्भमा विधि नमिच्न सरकारलाई खबरदारी गरेका छन्। मंगलबार बसेको प्रतिनिधिसभा बैठकमार्फत् नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका नेताले सरकारलाई यस्तो खबरदारी गरेका हुन्।

सकुम्वासी विस्थापन, विद्यार्थी संगठन र कर्मचारी ट्रेड युनियनमाथि सरकारले लगाएको बन्देज संविधानको आधारभूत अधिकारविपरीत रहेको भन्दै उनीहरूले यस्ता कार्य स्वीकार्य नहुने चेतवानी दिए।

प्रमुख प्रतिपक्ष कांग्रेस दलका नेता भीष्मराज आङ्देम्बेले सरकार आफ्नै नागरिकप्रति यमदूतजस्तो क्रूर बनेको भन्दै आपत्ति जनाए। अव्यवस्थित बसोबासको सुधारको नियतमा प्रश्न नभए पनि नागरिकमाथि अमानवीय व्यवहार गरिएको उनले बताए। 'सरकारले युगीन दासताको मानसिकता लिएर नागरिकमाथि दमन गऱ्यो। नागरिकको आत्मसम्मान कुल्चिएकाले हामी लज्जित छौं।'- उनले भने।

संसद्‌को जारी अधिवेशन असामान्य परम्परासहित सुरु भएको भन्दै उनले अध्यादेशमार्फत् शासन गर्ने चेष्टा नगर्न सरकारलाई सजग गराए। उनले लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा सरकार सञ्चालन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराए। 'जनताप्रति जवाफदेही हुनु, उत्तरदायी बन्नु र जनतासँग खुलस्त संवाद गर्नु लोकतान्त्रिक नेताको कर्तव्य हो। लोकतन्त्र बन्द कोठाको शासन होइन, यो खुला र सरल प्रक्रिया हो। विश्वास, सहमति र संवाद यसका आत्मा हुन्। आगामी दिन यस संसदमा जनप्रतिनिधिले उठाएका आवाजमा पर्याप्त सम्बोधन पाउनेछन् भन्नेतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु,' उनले भने-'अध्यादेशको संस्कृतिलाई हामीले त्याग्नुपर्थ्यो। तर, त्यो प्रवृत्ति कल्पना नै गर्न नसक्ने गरी फैलिन पुग्यो। यो अस्वाभाविक शासन शैलीको हामी समर्थन गर्नसक्दैनौं।'

यस्तै, प्रतिपक्ष नेकपा दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले संख्याको दम्भमा विधि मिच्ने काम नगर्न सरकारको ध्यानाकर्षण गराए। आफू पनि संख्याको दम्भका कारण विगतमा 'भुइँ न भाँडा'मा रहेको स्मरण गराउँदै उनले यस्तो आग्रह गरेका हुन्।

'तपाईंहरूलाई जनताले यति बेला विश्वास गरेका छन्, त्यो विश्वास बलियो बनाउनेतर्फ लाग्नुस्। संख्याको दम्भमा विधि मिच्ने काम नहोस्।'-उनले भने।

प्रचण्डले प्रधानन्यायाधीश नियुक्ति प्रकरणमा पनि सरकारको जवाफ खोजेका छन्। प्रधानन्यायाधीश नियुक्ति सिफारिसमा सरकारले बलमिचाइँ गरेको उनको भनाइ छ। 'प्रधानन्यायाधीश सिफारिस गर्दा विधि, प्रक्रिया, वरिष्ठता र योग्यतालाई भन्दा आफ्नो स्वार्थलाई महत्व दिइयो। यस विषयमा सरकारले आफ्नो धारणा राखोस्।'- उनले भने।

सरकारले बहुमतको दम्भमा अध्यादेशको शासन चलाउन खोजेको भन्दै प्रचण्डले आपत्ति जनाए। 'आफैंले बोलाएको संसद् स्थगित गरेर जनप्रतिनिधिलाई छल्दै अध्यादेशमार्फत् शासन चलाउन खोज्नु लोकतान्त्रिक भावनाविपरीत छ।' -उनले भने।

प्रचण्डले नागरिक अधिकार, संसदीय सर्वोच्चता र संवैधानिक दायित्वको सम्मान गर्न पनि सरकारको ध्यानाकर्षण गराए। प्रचण्डले वर्तमान सरकारले ट्रेड युनियन, प्रेस स्वतन्त्रता र लोकतान्त्रिक संस्थाहरूमाथि आक्रमण गरिरहेको आरोप लगाएका छन्।

प्रतिनिधिसभामा सम्बोधन गर्दै प्रचण्डले सरकारको संख्याको दम्भमा विधि मिच्ने, अध्यादेशमार्फत् शासन गर्ने, संसद छल्ने र प्रतिशोधपूर्ण धरपकड गरिएको भन्दै आपत्ति जनाए।

'आधुनिक लोकतन्त्रको मुख्य आत्मा नै ट्रेड युनियन हुन्। लामो संघर्षबाट प्राप्त अधिकार खोस्ने दिशामा अघि नबढौं,' उनले भने-'लोकतन्त्रका संस्थाहरुलाई हामीले नष्ट गर्ने होइन, निर्माण गर्ने हो।' उनले युवा सांसदहरूलाई ट्रेड युनियनलाई पेशागत संगठनको रूपमा सुदृढ बनाउने बहस गर्न आग्रह गरे।

प्रचण्डले अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनपछि बनेको सरकारले नै प्रेस स्वतन्त्रता संकुचन गर्नु विडम्बनापूर्ण भएको बताए। 'हिजो हामीले बोलेकै भरमा थुनिनुपर्ने परिस्थितिको विरोध गऱ्यौं, तर आज हामी मिडिया संस्थाहरुलाई नियमन गर्ने, कमजोर गर्ने अभ्यास गर्दैछौं,' उनले भने-'प्रश्नहरुबाट भागेर हैन प्रश्नहरुको जवाफ दिएर मात्रै लोकतन्त्रको विकास हुन्छ।'

**सेना र रास्वपामाथि बादलका ८ प्रश्न**

नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापा 'बादल'ले संसद्‌को बैठकमा नेपाली सेना र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारको नीति तथा कार्यक्रममाथि प्रश्नैप्रश्न गरेका छन्।

सोमबार संघीय संसद्‌मा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि मंगलबार चलिरहेको छलफलमा क्रममा बादलले ती प्रश्नको नीति तथा कार्यक्रमले जवाफ दिन नसकेको बताएका हुन्।

'सम्माननीय राष्ट्रपतिमार्फत् आएको सरकारको १०० बुँदे नीति तथा कार्यक्रमले केही गम्भीर कुराको जवाफ दिन सकेको छैन।'-बादलले भने। बादलका ८ प्रश्नमा राष्ट्रिय झन्डा ओढेर देश जलाउने देशद्रोहीप्रति यो नीति तथा कार्यक्रम आश्चर्यजनक रूपमा किन मौन छ ?

देश खरानी हुँदा र आफ्नै परमाधिपतिको मुख्यालयमा धावा बोल्दा नेपाली सेना राष्ट्रको प्रमुख रक्षक रहस्यमय ढंगबाट किन मूकदर्शक बन्यो ? लिपुलेकमा अतिक्रमण हुँदा बेखबर हुँदा त्यही सेनाले सुकुम्वासी बस्तीमा किन परेड खेल्दैछ ?

असंलग्न नीतिको खिल्ली उडाउँदै सशस्त्र टीओबीहरूको ताण्डव नृत्यप्रति यो नीति तथा कार्यक्रम किन चुपचाप छ ?

निरंकुश पञ्चायत ढाल्दा शहीद विद्यार्थी गणतन्त्रका लागि लड्दा आफ्नो जागिर गुमाउने शिक्षक, कर्मचारी र पेशाकर्मीहरूको संगठित हुने मौलिक अधिकार बलात् खोसिँदा यो नीति तथा कार्यक्रमको घण्टी किन बज्दैन ?

ऋण लिएर विकास हुन्न भन्नेले सरकारको पहिलो बैठकबाटै अर्बौं ऋण स्वीकृत किन गर्छन् ?

शिक्षा, स्वास्थ्य, सहकारी आदि नियमनको नाममा बलात् स्वायत्त हनन् हुँदा किन मसानघाटको मौनता ?

सुशासन, सुसंस्कार संस्कृतिको नमुना बन्नुपर्ने प्रतिनिधिसभाले बारम्बार असभ्य र अराजक आचरण प्रदर्शन गर्दा सम्मानित सदन, सभामुख किन लाचार र नतमस्तक ?

यस्तै श्रम संस्कृति पार्टीका अध्यक्षसमेत रहेका सांसद हर्क साम्पाङले प्रधानमन्त्रीले संसद्‌लाई सम्बोधन नगरेको विषयमा प्रश्न गरेका छन्। मंगलबारको प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उनले सरकारमा प्रधानमन्त्री भए नभएको जानकारी पनि माग गरे।

» बाँकी ३ पेजमा

# रूपन्देहीका ८० विद्यार्थीले ल्याए ४ जीपीए




बुटवल। माध्यमिक शिक्षा परीक्षा (एसईई)मा रूपन्देहीका ३५ वटा सामुदायिक र निजी विद्यालयका ८० जनाले ४ जीपीए अंक ल्याएका छन्।

बुटवलका उत्कृष्ट मानिने चार सामुदायिक विद्यालय कालिका, शान्ति नमूना, कान्ति र नविन औद्योगिक कदरबहादुर रीता माविको नतिजा कमजोर देखिएको छ। सामुदायिकको तुलनामा निजी विद्यालयहरु अगाडि देखिएका छन्।

शिक्षा विकास तथा समन्वय इकाई रूपन्देहीका अधिकृत एवं गुनासो सुन्ने अधिकारी झविलाल विकका अनुसार रूपन्देहीबाट एसईईमा सहभागी भएका ३ सय ४५ विद्यालयमध्ये निजीतर्फको बुटवलको अक्सफोर्ड बोर्डिङ्‌ स्कुलबाट ११ जनाले ४ जीपीए ल्याएका छन्। त्यस्तै दोस्रोमा बुटवलकै दीप बोर्डिङ्‌बाट ७, तेस्रोमा तिलोत्तामा नगरपालिकाको प्यारामाउण्ट बोर्डिङ्‌बाट ६ जनाले ४ जीपीए ल्याएका छन्।

सामुदायिकतर्फ कालिका मानवज्ञान माविबाट ४, कान्ति माविबाट ४, नविन औद्योगिक कदरबहादुर रीता माविबाट १ र तिलोत्तमाको शान्ति नमूना स्कुलबाट १ जनाले मात्र ४ जीपीए ल्याएका छन्। निजीको तुलनामा सामुदायिक विद्यालयहरु एसईईको नतिजाप्रति सन्तुष्ट देखिएका छैनन्। यस पटक सम्बन्धित परीक्षा सेन्टरमै उत्तरपुस्तिका परीक्षण गरिएको थियो।

शिक्षा विकास तथा समन्वय ईकाईका अनुसार २०८२ को एसईईमा रूपन्देहीबाट ३ सय ४५ विद्यालयका १७ हजार ४ सय ४३ विद्यार्थी सहभागी भएका थिए। तीमध्ये ५ हजार ७ सय ८५ जना अनुत्तीर्ण भएका छन्।

राष्ट्रकै प्रतिष्ठित शैक्षिक संस्था न्यू होराइजन इङ्ग्लिस बोर्डिङ् स्कूल बुटवलका चार जना विद्यार्थीले एसईईको नतिजामा चार जीपीए अंक प्राप्त गरेका छन्।

चार जीपीए ल्याउने विद्यार्थीहरुमा अन्वेशा भुसाल, अपेक्षा गौतम, दिक्षा पाण्डे र संकल्प ज्ञवाली रहेका छन्।

यस्तै विद्यालयका १३३ जनाले ए प्लस, ९६ जनाले ए, ७१ जनाले बी प्लस र १७ जनाले बी ग्रेड ल्याएर उत्तीर्ण भएका विद्यालयका प्राचार्य बासुदेव अर्यालले जानकारी दिए।

न्यू होराइजनले विगतका वर्षहरुमा जस्तै उत्कृष्ट नतिजालाई निरन्तरता दिएको प्राचार्य अर्यालले बताए।

बुटवल-१०, कालिकानगरस्थित कालिका मानवज्ञान माध्यमिक विद्यालयले राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालित माध्यमिक शिक्षा परीक्षा २०८२ मा उत्कृष्ट नतिजा हासिल गरेको छ। विद्यालयका ६ जना विद्यार्थीले जीपीए ४ ल्याउँदै विद्यालयको गौरव बढाएका छन्।

विद्यालयका अनुसार सेवटा लम्साल, रोशनी भट्टराई, प्रतिमा भट्टराई, लविज खनाल, सुयोग सापकोटा तथा अमिश ज्ञवालीले जिपिए ४ प्राप्त गरेका हुन्।

विद्यालयले सार्वजनिक गरेको विवरणअनुसार जीपीए ३.६ देखि ३.८ सम्म १५८ जना, जीपीए ३.२ देखि ३.५९ सम्म १८७ जना, जीपीए २.८ देखि ३.१९ सम्म १३२ जना तथा जीपीए २.४ देखि २.७९ सम्म ३४ जना विद्यार्थी उत्तीर्ण भएका छन्।

विद्यालयका प्रध्यानाध्यापक दिनेश थापाले जानकारी दिँदै विद्यालयले सन्तोषजनक तथा उत्साहजनक नतिजा हासिल गरेको बताए।

दीप बोर्डिङ्‌ हाई स्कूल बुटवल-०८, सुख्खानगरका ७ जना विद्यार्थीहरूले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गर्दै ४ जीपीए ल्याएका छन्।

विद्यालयका अनुसार आशिका पाण्डे, बृषिका थापा क्षेत्री, डिम्पी केसरी, साहिल मण्डल, सम्परण केसी, सोमिन पिया तथा रिजन पोखरेल ले एसईई परीक्षामा उच्चतम ग्रेड हासिल गरेको विद्यालयका प्राचार्य टिकाराम न्यौपानेले जानकारी दिए।

एसईई नतिजामा मणिमुकुन्द सेकेण्डरी स्कूल बुटवल योगीकुटीले ऐतिहासिक रुपमा उत्कृष्ट नतिजाका साथ चारजना विद्यार्थीले उच्चतम ग्रेड जीपीए फोर ल्याएका छन्।

जीपीए फोर ल्याउने विद्यार्थीहरुमा सृजन आचार्य, सुसन अर्याल, निहार पौडेल र अनन्त भण्डारी रहेका छन्। यस्तै १० जनाले ए प्लस, १३ जनाले ए र ७ जनाले बी प्लस सहित शत प्रतिशत विद्यार्थी उत्तीर्ण भएका विद्यालय सञ्चालक उमापति न्यौपानेले जानकारी दिए।

२०७३ सालदेखि एसईईमा सहभागी भएको विद्यालयले हरेक वर्ष शत प्रतिशत विद्यार्थी उत्तिर्ण गराउँदै आएको छ। यस पटक विद्यालयको इतिहासमै चार जनाको जीपीए फोरसहित सर्वाधिक उत्कृष्ट नतिजा ल्याएर नयाँ रेकर्ड बनाएको सञ्चालक न्यौपानेले जनाए। अक्सफोर्ड सेकेन्डरी स्कुल बुटवलले यस वर्षको माध्यमिक शिक्षा परीक्षा एसईईमा विद्यालयका ११ जना विद्यार्थीहरूले ४ जीपीए हासिल गरेका छन्।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## प्रधानमन्त्रीको अमर्यादित व्यवहार

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संसदमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका बेला प्रधानमन्त्री बालेन्द्र साह अकस्मात निस्केर हिंडेको विषय असमान्य व्यवहार हो। संसद जनताबाट निर्वाचित प्रतिनिधिको थलो हो । यो थलोमा हुने हरेक सांसदका व्यवहार मर्यादित र जिम्मेवार हुनुपर्छ। अझ प्रधानमन्त्रीको हरेक व्यवहार र कार्यशैलीले सरकारको मार्गचित्र देखाइरहेको हुन्छ।

राष्ट्रपतिले एकघण्टा १० मिनेट संसदमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दा प्रधानमन्त्री बसेर राष्ट्रपतिलाई संसदबाट बिदाई गरी निस्कुनपर्ने परम्परा हो । राष्ट्रपतिले नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा निस्केर प्रधानमन्त्री निवास बालुवाटार पुगेर आराम गर्ने विषय सम्मानित राष्ट्रपतिप्रतिको अपमान हो । यो संसदप्रतिको बेवास्ता पनि हो। राष्ट्रपति एउटा व्यक्तिका रूपमा रामचन्द्र पौडेल छन्, तर यो संस्था हो। राष्ट्रप्रमुखप्रति सरकारप्रमुखले गर्ने यो अमर्यादित व्यवहार क्षम्य छैन। प्रधानमन्त्री कम बोल्छन्, अरुसँग कुराकानी कम गर्छन्, यो उनका स्वभाव हुन्, तर अब सोमबार संसदमा उनले गरेको व्यवहारलाई उनको स्वभावगत समस्या भनेर सामान्यकरण गर्‍यौं भने प्रधानमन्त्रीको आनीबानी र व्यवहार सुधार हुनेछैन, त्यसको मूल्य मुलुकले चुकाउने छ। सनकी र मुडी शासकका कारण इतिहासमा धेरै मुलुकको अस्तित्व गुमेको छ, देश अध्याँरो बाटोमा हिंड्न विवश छन् । मुलुकमा केही भएन्, पूरानाले सबै बिगारे भन्ने भाष्य खडा गरेर सत्ताको सिंहासनमा पुगेकाहरु कम्तिमा विनम्र र विनयी बन्दा, शिष्टाचार र मर्यादाको ख्याल गर्दै अघि बढ्दा केही महिनाअघि भोट हालेका मतदाताको मन भतभती त पोल्ने थिएन् । मत दिएको केही महिनामै मतदाताको मन भतभती पोल्ने अवस्था आउनु यो मुलुकको विडम्बना हो । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्रीलाई न सम्झाउन सक्छ, न त्यो पार्टीका सांसदले आलोचना गर्न सक्छन्। पार्टीको संसदीय दलको बैठकमा प्रधानमन्त्री जाँदैनन्। जुन पार्टीको संसदीय दलको नेता भएर मात्रै प्रधानमन्त्री हुन सम्भव भयो त्यो पार्टीप्रति उनी वफादार हुनुपर्छ। संसदीय दलका नेताले अहिले गरेको व्यवहारले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति मात्रै नभएर संसदीय व्यवस्थाप्रति नै प्रहार हो।

संसदमा जाँदा प्रधानमन्त्री राष्ट्रिय पोशाक लगाउँदैनन्। के संसद भनेको मनपरी गर्ने थलो हो ? संसद अधिवेशन बोलाएपछि स्थगित गरेर आफूलाई मन लागेका अध्यादेश ल्याएपछि पुनः संसद बोलाउने प्रवृत्ति लोकतान्त्रिक व्यवहार र आचरण भित्र पर्छ। अहिले रास्वपालाई झण्डै दुई तिहाईको जनमत छ। यो जनमतले प्रधानमन्त्रीलाई अराजक र उदण्ड बनाएको छ।

नागरिकले मत दिएका हुन् भनेर शासक मैमत्ता भयो भने अन्ततः त्यसले निम्त्याउने नरकको यात्रा हो । नागरिकले पाँच वर्षलाई मत दिएका हुन् । त्यसपछि नागरिकले मत परिवर्तन गर्न सक्छन् । त्यसभन्दा अघि नै समाजमा असन्तुष्टि चुलियो भने सडकमा विद्रोही भएर पोखिन सक्छ। सडक विद्रोह कति शक्तिशाली हुन्छ भन्ने विषय धेरै टाढा जानुपर्दैन् । भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र विध्वंशपछि नै अहिलेको राजनैतिक अवस्था आएको हो। प्रधानमन्त्रीले संसदमा गरेको व्यवहारप्रति सार्वजनिक रुपमा क्षमा माग्दा उनीप्रति नागरिकको भरोसा र विश्वास बढ्छ। परिवर्तनको व्यग्र प्रतीक्षा गरिरहेका नागरिकले असहिष्णु बन्न र निरकुंश बन्ने शासक पटक्कै खोजेका होइनन्।

# सेवा प्रवाह, सुशासन र ट्रेड युनियन



**अच्युतप्रसाद पौडेल**

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रूपमा परिकल्पना गरेको हो । पहिले जनप्रतिनिधिविना नै सञ्चालित स्थानीय निकायहरूमा स्थानीय स्वायत्त शासनको संस्थागत विकास हुन सकेको थिएन । आम नागरिकलाई शासन सञ्चालनमा भावनात्मक सहभागी बनाउने उद्देश्यले मुलुक संघीयतामा परिणत भयो।

शासनका सबै प्रक्रियामा स्वामित्व स्थापित गर्न, उत्तरदायी राजनीतिक प्रणालीको विकास गर्न, सेवा-सुविधाहरू घरदैलोबाटै प्राप्त गर्न/गराउने उद्देश्यले मुलुक संघीयतामा प्रवेश गरेको हो। विगतमा विभेद भयो भन्दै एकात्मक राज्य प्रणालीलाई विकेन्द्रीकृत संघीय प्रणालीमा परिणत गर्दा सबै किसिमका विभेद अन्त्य हुने अपेक्षा गरिएको थियो।

**करार र दरार :**

धेरै संयन्त्रहरुमा करारका कर्मचारीबाट काम चलाइयो, भनौं करार भयो र सम्बद्ध निकायहरुका बिच दरार बढ्यो। ४६ साल र ६२ सालपछि देशमा ऐन-कानुनहरु व्यापक परिवर्तन भए, तर संघीय निजामती सेवा ऐन वा शिक्षा ऐन नै आएन। बरु करार सेवा नियम २०२६, नियम २ प्रयोग गर्दै कर्मचारीहरु करारमा लिने गरियो।

देशमा करारअन्तर्गत नै सबैभन्दा धेरै कर्मचारी स्थानीय तहमा ३५ हजार बढी, प्रदेशमा ६ हजारभन्दा बढी र संघमा १४ हजार बढी अनि बोर्ड, समितिलगायत अन्य इकाइहरुमा ६ हजार कर्मचारी बढी करारमै रहे । अहिले त यकिन अभिलेख नै छैन । कर्मचारीको व्यवस्थापन गर्ने सेन्ट्रल पर्सोनेल एजेन्सीको रुपमा पहिले प्रशासन व्यवस्था विभाग थियो, छुट्टै मन्त्रालयको आवश्यकता महसुस गरी सामान्य प्रशासन मन्त्रालयको स्थापना गरियो।

देश संघीयतामा गयो र कर्मचारीप्रति अधिक राजनीतीकरण हुने संघीय मन्त्रालयमा गाभियो, झन् बढी दरार कायम भयो । प्रशासन यन्त्र लथालिंग हुँदा, सेवा प्रवाह नाम मात्र हुँदा अति भएर भार्द्रको आन्दोलन भएको हो। अहिलेसम्म पेन्सन पाउने कर्मचारीको हदसम्म निजामती किताबखानाले केही अभिलेख अद्यावधिक गरेको छ, पीआईएस प्रणाली भनेको छ, तर पनि अन्य निकायहरुको स्थायी, अस्थायी, ज्यालादारी वा करारका कर्मचारीहरुको यकिन अभिलेख छैन।

कर्मचारीहरु भने वर्षौंदेखि कार्यरत छन् । स्वतः स्थायीको माग गर्दै छन् । सामाजिक सुरक्षामा आबद्ध हुन चाहन्छन् । हटाइने हो भने गोल्डेन ह्यान्डसेकबाट मात्रै हटाइनुपर्छ भन्नेमा छन्। यी मागमा युनियनको दबदबा रह्यो मात्रै होइन, युनियन आबद्ध कर्मचारी काम नगरी दिन बिताए। राज्यका भवनलगायतका सुविधा अनि मालदार कार्यालयको सरुवा खाए।

अब अध्यादेशमार्फत् यी सबैको सातो लिने काम बालेन सरकारले गरेको छ र सबै सुविधाको अन्त्य गर्न भरखरै परिपत्र भएको छ। मुख्य मन्त्रालय नै प्रम कार्यालय आबद्ध हुने र कर्मचारीका लागि मुख्य सचिवको अध्यक्षतामा बोर्ड गठन हुने भनिएको छ।

प्रशासनले कर्मचारीहरुको यकिन अभिलेख पठाउन महिनैपिच्छे परिपत्र गर्ने गर्‍यो, तर कसैले टेरपुच्छर लाएनन्। अर्थ मन्त्रलायले पनि बेला-बेला यसको अभिलेख माग्यो, उसको सहमतिबेगर कर्मचारी पूर्ति नगर्नू पनि भन्यो तर यस्ता आदेशहरु कार्यान्वियन नै भएनन् । यहाँसम्म कि ओ एन्ड एम सर्भेविना, भनौं कर्मचारीको आवश्यकता, कामको भार विश्लेषण गरेर मात्रै स्थायी दरबन्दी सिर्जना गर्ने र स्थायी पूर्ति नभएसम्मका लागि छोटो समयलाई स्वीकृति लिएर करारमा कर्मचारी राख्न पाउने प्रावधानलाई सबैजसोले लत्याए।

महालेखाले बर्सैपिच्छे यस्ता कर्मचारीको भुक्तानीमा बेरुजु चढायो तर काममा सुधार भएन । कति हदसम्म त यस्ता कर्मचारीको नियुक्ति दिने पदाधिकारीबाटै रकम सरकारी बाँकीसरह असुलउपर गर्नेसम्मको प्रावधान रह्यो तर प्रयोगमा आएन। देश सम्पूर्णमा निजामती सेवामा १ लाख ३६ हजार १२२ जना कर्मचारीको दरबन्दी स्वीकृत हो, तर पूर्ति केवल ८५ हजार ६५६ जनाको मात्र भयो,

निश्चित अवधिका लागि तल्लो तहका कार्यालय सहयोगी, सवारी चालक, प्लम्बर, इलेक्ट्रिसियन, माली करारमा लिन पाउने प्रावधान रह्यो, तर देशमा अस्थायी, करारका कर्मचारीहरु नै ६० हजारको संख्या भएको कर्मचारी श्रमिक संघको भनाइ आयो । २०७५।०७६ को बजेटमा त करारका कर्मचारीको तलब पनि रोकियो तर दबाब थेग्न सकेन, फुकुवा भयो, ०८०।०८१ को बजेटमा पनि यसै भनियो।

सामान्य प्रशासन र अर्थ मन्त्रालयले मापदण्ड पनि तोक्यो । सबै अभिलेख पनि पठाउन भनियो, देशैभरिका निकायहरुलाई । १५ दिनभित्र सबै विवरण पठाउन भनियो तर विवरण आएन । देश संघीयतामा गएसँगै कर्मचारीको पदस्थापन, सरुवालगायतका अभिलेख यकिन भएन, छाडा भयो। सरुवा भएको कर्मचारी आफ्नो दरबन्दीमा गएन, तुरुन्तै अर्को ठाउँमा सरुवा गरायो । सरुवापछि रमाना लिएन, एकै दरबन्दीमा दोहोरो पूर्ति पनि भयो, भद्रगोल भयो।

एकीकृत सूचना प्रणालीको अभाव र दलीय राजनीतिको छाया पर्न जानाले कर्मचारीमा अनुशासनको अभाव र दलहरुको प्रभाव रह्यो । संघ, संगठनहरुले दलको भ्रातृ संगठनका रुपमा काम गरे । दलमा नलाग्ने निरीह भए । कतिले त नोकरी नै छोडे। स्थानीय तहले एकै वर्षमा करारका कर्मचारीका लागि साढे ८ अर्ब बढी रकम भुक्तानी गरे।

एकै आवमा २६९ स्थानीय तहले दरबन्दी नभएका वा दरबन्दीभन्दा बढी भएका कर्मचारीलाई सेवा करार भन्दै १ अर्ब ७८ करोड ३१ लाखसम्म भुक्तानी गरेको खबर बाहिरियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४, दफा ८३ मा कार्यबोझ विश्लेषण गरी ओ एन्ड एम सर्वेक्षणका आधारमा स्थायी प्रकृतिका कामका लागि सेवा करारमा लिन सकिने, त्यस्तो दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना नहुने भनिएको छ।

तर कसैले कार्य विश्लेषण गरेनन्। ओ एन्ड एम सर्वेक्षण भएन, हचुवामा कर्मचारी पूर्ति गरियो। निसे ऐन २०४९ दफा ७ कले ज्यालादारी वा करारमा कर्मचारी भर्ना नगर्ने नीति लिएको हो । स्थानीय तहमा आवश्यक पर्ने कृषि, पशु, वन, स्वास्थ्यसम्बद्ध प्राविधिक जनशक्ति स्वीकृत दरबन्दीभित्र रहेर करारमा लिन सकिने भनिए पनि स्थायी दरबन्दी पूर्ति नगरी वर्षौंसम्म करारबाटै काम भयो।

करार नियम २०२६ अन्तर्गत पनि करारको अवधि २ वर्षको हुने, २ वर्ष थप्न सकिने, फेरि थप्न परेमा बढीमा १ वर्षका लागि भनिएको छ। कुनै विशेषज्ञ स्थायी पाइएन भने ५ वर्षका लागि करारमा लिन सकिने भनिए पनि वर्षौंसम्म स्थायीसरह कर्मचारी भइरहनु र तिनको सही विवरण कुनै आधिकारिक निकायमा भएन।

नगर प्रहरी, सवारी चालक, सइस, कार्यालय सहयोगी, इलेक्ट्रिसियन, प्लम्बर, माली, चौकिदार, सरसफाइ गर्ने, बगैंचेहरु पूर्ति गर्न सकिने भए पनि प्रतिस्पर्धा गराएर लिनुपर्ने नियम छ। तर को कहाँ कसलाई नियुक्ति दिइन्छ ? कसैलाई अत्तोपत्तो नै भएन।

करारका कर्मचारीबाट सदा काम लिँदा जिम्मेवारीबोध कम हुन्छ र जवाफदेहिता पनि, देशमा सबैतिर संकट देखिएको कर्मचारीमा जवाफदेहिता नभएर हो । नेतृत्वले आफ्ना खेतालासरहको व्यवहार गरेर हो।

**दबाब र प्रभाव :**

नयाँ ऐन आउन लागेको विषय होस् या बजेटको कुरा, सिंहदरबारमै जुलुस, धर्ना, घेराउ, नाराले प्रश्रय पायो। दलको निकट हुन जानाले कर्मचारीले गर्न नहुने र आचारसंहिता लाग्ने आचरणले यस्तो काम निषेध गरेको हो तर विरोध यत्रतत्र भई नै रह्यो। यो सिस्टमको दोष थियो। अहिलेको सरकारले त्यो प्रणालीलाई भत्काइदिएको छ।

सरकारी कार्यालयमा ट्रेड युनियन अन्य श्रमिकको भैँ आवश्यक छैन। दलहरुले राष्ट्रसेवक कर्मचारीहरुलाई आफ्नो घरको परिवारसरह माने, उर्वर कार्यालयमा पुग्न पनि उनकै गणेशभक्ति नगरी सुखै भएन । र त एकाघरका परिवारमध्ये सबैजना जागिरे छन् भने दलपिच्छेको सदस्यता लिने गरे।

अहिले प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्न सरकारलाई हम्मे-हम्मे परेकोले एकीकृत ऐन आउने सम्भावना छ । यसअघि कर्मचारी समायोजन अध्यादेश २०७४ बाट खासै परिणाममुखी व्यवस्थापन हुन सकेन । कर्मचारी समायोजन २०७५ बाट पनि गतिलो समाधान भएन, संघीय निजामती सेवा विधेयक संसद्बाट फिर्ता लिइयो, नयाँ आउँछ भन्दै पन्छाइयो । संसद्लाई हतारो भयो नागरिकता विधेयक र एमसीसीमा मात्र।

नेपालको संविधान धारा ३०२ उपदफा २ अनुसार राज्य सञ्चालनमा रहेका निजामती सेवा र अन्य सेवाका कर्मचारीलाई नेपाल सरकारले कानुनबमोजिम संघ, प्रदेश र स्थानीय तहमा खटनपटन गर्न भनी समायोजन ऐन आयो । संविधान जारी भएको यत्रो वर्षमा पनि यो कार्य अधुरै रह्यो। अब परिवेश नितान्त बेग्लै भएको छ, विरोध आउँदै गर्छ, आफ्नो काम सरकारले गर्नै पर्छ।

**संघीयतामा प्रश्न, सबैतिर अन्यौल :**

देशमा भौगोलिक जटिलता छ। दुर्गम क्षेत्रमा कर्मचारी टिकाउन नसकिएको पुरानै समस्या हो। झन् असारे विकास बढी हुने हाम्रो जस्तो देशमा यो सिजनमा प्राविधिक, लेखा र प्रशासनका कर्मचारीहरु नभइदिँदा नेतृत्व सम्हाल्नेलाई त संघीयता निल्नु न ओकल्नु नै भएको हो।

बेरुजुको चाङले दक्ष र इमानदार कर्मचारीको अभाव स्पष्ट छ, वृत्ति विकासमा ढिलो, अन्य पहुँचमा कमजोरीका कारण कर्मचारीहरु भनेका बखत प्रदेश वा स्थानीय तहमा जान रुचाउँदैनन्। या त भरखर लोक सेवाबाट पास गरेका तर अनुभव नभएका कोरा कर्मचारी, त्यो पनि कनिष्ठ कर्मचारी जसोतसो जाने हुन्।

विभिन्न प्रलोभन, सेवा, सुविधा थप भनिए पनि कर्मचारी खुलेर दुर्गम बस्न रुचाउँदैनन्। र त निमित्तका भरमा अधिकांश कार्यालयहरु चलेका छन् । कर्मचारीहरु बरन्डामा जम्मा भई हाटा गरे, कैयौं सचिवहरु जगेडामा रहे, कैयौं सचिवहरु पक्राउमा परे, कर्मचारीको मनस्थिति गिराएको छ संघीयताले। भुटानी केस, वाइडबडी, ललितानिवास कति छन् कुरा।

जिल्ला हाकिम प्रजिअहरु कनिष्ठ कर्मचारीहरुलाई पठाउने गरियो । नगरपालिकाहरुमा उपसचिवको दरबन्दी खाली रह्यो, ठूला नगरपालिकाहरुमा प्रथम श्रेणीको सहसचिव स्तरका प्रशासकीय अधिकृतहरु लामो समय पूर्ति भएन । कैयौं स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पद निमित्तका भरमा चले।

यसले गर्दा विकास निर्माणमा धेरै रकम स्थानीय तहलाई पठाउने गरिए पनि परिचालन हुन सकेन । बजेटको झन्डै २६ः५ प्रतिशत रकम त्यतै जान्छ। संघ र प्रदेशको वित्तीय हस्तान्तरणसँगै यसरी गएको रकम अर्ब पुगेको छ । तालुक मन्त्रालय, विकास साझेदारी संस्थाहरुको समेत जोड्दा थुप्रै रकम जाने गरे पनि खर्च हुन सकेको देखिएन।

खर्च भए पनि बेरुजु धेरै रह्यो। स्थानीय तहको आफ्नै स्रोत पनि कम छैन अहिले । घरदैलोको सरकार भए पनि स्थानीय तहले सेवा प्रवाह राम्रो गर्न सकेनन् र संघीयतामाथि आम नागरिकको प्रश्न छ।

करले गरिब चुस्ने, नेता आफू मोटाउने, विदेशीको लर्को देशमा बढाउने, पराईको इशारामा नेता नचाउने, गुटबन्दी र फुटमा नेता लट्पटिने, दलैदलको फेरबदल गराउने, विदेशीको पैसा सकेसम्म उतै रहने, यता हिसाबकिताब मिलाउने, दाता खोजी-खोजी देशलाई ऋणको भार बढाउने, छोरी-बुहारी, नातागोतालाई प्राडो, पजेरो चढाउने, हेलिकोप्टर र आवास दिलाउने, राहतको नाममा आहत दिलाउने संघीयताले देशलाई खोक्रो बनाएको छ।

कोरोना र बाढीको पीडामा स्थानीय सरकारको भूमिका राम्रो भएन, संघीयताले पीडामा मलहम लाउन सकेन भन्दै नागरिकहरुले असन्तोष व्यक्त गरे । राहत, खोप, औषधि, रासायनिक मलको पर्खाइमा मानिसहरु असरल्ल परे।

मुलुकमा ठूलै राजनीतिक परिवर्तन भयो तर प्रशासनिक संयन्त्र उही पुरानै रह्यो। अहिले पनि त्यही हुने हो कि भन्ने डरले बालेनले व्यापक परिवर्तनको खाका अघि सारेका हुन्। प्रशासनिक क्षेत्रमा कार्यसम्पादन भर पर्दो नभएको गुनासो धेरै पहिलेदेखि नै रहिआएको हो । रातारात ऐन संशोधन गरी कर्मचारीहरूलाई ‘युज एन्ड थ्रो’ गरियो।

कुन कर्मचारी कहिले बढुवा हुने हो, कहाँ कुन बेला जानुपर्ने हो भन्ने पूर्वानुमान भएन। नियुक्ति दिँदा नै कति वर्ष कहाँ बस्नुपर्ने, सरुवा-बढुवा के-कसरी कुन समय हुने ? ती सबै विवरण कार्ययोजना, कामको जिम्मेवारी विवरण पहिले तोक्ने प्रावधान हामीकहाँ भएन। अब त्यो हुनुपर्‍यो।

समाचारपत्रबाट

# कुन पौष्टिक तत्वले के काम गर्छ ?

**१. कार्बोहाइड्रेट**

- शक्ति प्रदान गर्छ । ७०-८० प्रतिशत शक्ति यसैबाट प्राप्त हुन्छ।
- यसको नाप्ने इकाइलाई किलो क्यालोरी भनिन्छ।
- एक ग्राम कार्बोहाइड्रेट बराबर चार किलो क्यालोरी शक्ति प्राप्त हुन्छ।

**२. प्रोटिन**

- कोष/कोषिकाहरूको बृद्धि विकास गर्छ।
- खिइएको कोष/कोषिकाहरूको मर्मत-सम्भार गर्छ।
- समष्टिगत रूपमा भन्नुपर्दा शारीरिक वृद्धि तथा विकास गर्छ।
- एक ग्राम प्रोटिन बराबर चार किलो क्यालोरी शक्ति प्राप्त हुन्छ।

**३. चिल्लो**

- शक्ति प्रदान गर्छ।
- छालाको हेरचाह गर्छ।
- थोरै मात्राले धेरै शक्ति दिन्छ।
- भिटामिनहरू जस्तैः ‘ए, डी, ई, के’लाई शरीरभित्र सञ्चालन गर्दछ।
- एक ग्राम चिल्लो बराबर ९ किलो क्यालोरी शक्ति प्राप्त हुन्छ।

**४. भिटामिन**

- यसलाई सूक्ष्म पौष्टिक तत्व पनि भनिन्छ। यिनीहरू ज्यादै थोरै मात्रामा भए पनि पुग्ने तर नभई नहुने हुन्छन्।

भिटामिन ‘ए’

- स्वस्थ आँखाका लागि
- छालाको हेरचाहका लागि
- शारीरिक वृद्धि विकासका लागि



- अन्य रोगको आक्रमणबाट बचाउन।

भिटामिन ‘डी’

- शरीरको हड्डी बलियो पार्न
- रिकेट्स र ओस्टिओमालासिया जस्ता हड्डीसम्बन्धी रोगबाट बचाउन
- क्याल्सियम जस्ता खनिज तत्व सोस्न।

भिटामिन ‘ई’

- शरीरभित्रको अत्यावश्यक चिल्लोहरू बचाएर राख्न
- रातो रक्त कोष बनाउन
- भिटामिन ‘ए’, क्यारोटिनजस्ता तत्वहरू बचाइ राख्न
- कोष/कोषिकाहरू नष्ट हुन नदिन।

भिटामिन ‘के’

- शरीरमा चोट लाग्दा अधिक रगत बग्नबाट रोकथामका लागि
- घाउ-चोट निको पार्न
- हड्डी बनाउन।

भिटामिन ‘बी’

- कमजोरी र थकान कम गर्न
- रुचि बढाउन
- बेरी-बेरी हुन नदिन
- झाडा-पखला र पेलाग्रा हुन नदिन
- स्मरण शक्ति कायम राख्न।

भिटामिन ‘सी’

- गिजा सम्बन्धी रोग हुन नदिन
- छालाभित्र रगतका कोषिका फुट्न नदिन
- रक्त अल्पताको कमी गर्न
- विभिन्न रोगको प्रतिरोध गर्न
- लामो समयसम्म निरोगी राख्न।

५. खनिज तत्व

क्याल्सियम

- हड्डी बलियो पार्न
- दाँत बलियो पार्न
- मांशपेशी चलमलाउन।

फलाम

- शरीरभित्र रगत बन्न
- रक्त अल्पत्ताको कमी गर्न
- शारीरिक वृद्धि विकास गर्न
- रुचि बढाउन
- विभिन्न रोगबाट बचाउन
- शरीर स्वस्थ राख्न।

आयोडिन

- शरीर सुस्त हुन नदिन
- शरीर फुर्तिलो पारिरहन
- गलगाँडबाट बचाउन
- लाटो, लठेब्रो हुन नदिन।

फ्लोरिन

- दाँतलाई स्वस्थ राख्न

**६. पानी**

- सबै पौष्टिक तत्वलाई शरीरको विभिन्न भागमा पुर्‍याउन
- शरीरको फोहोर-मैला बाहिर निकाल्न
- शरीरमा तातोपना कायम राख्न।

# नेप्से परिसूचक ३९ दशमलव ४४ अङ्कको गिरावट



काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ३९ दशमलव ४४ अङ्कले ओरालो लागेर दुई हजार सात सय ४४ दशमलव ४० मा सीमित भएको छ। यो एक दशमलव ४१ प्रतिशतले गिरावट हो। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव १५ अङ्कले ओरालो लागेर ४६९ दशमलव २६ मा सीमित भएको छ। कुल एक करोड छ लाख ७८ हजार ५५० कित्ता सेयर रु चार अर्ब ६६ करोड ५० लाख २० हजार ६७७ मूल्यमा खरिद बिक्री भएको छ।

कारोबारका आधारमा नेसनल हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स, रिडी पावर कम्पनी, शिवम् सिमेन्ट र एवाइ प्यानल लिमिटेड शीर्षस्थानमा छ । नेप्सेका अनुसार, धौलागिरि लघुवित्त वित्तीय संस्था, एसबिएल डिबेन्चर, एनआइबिएल समृद्धि फन्ड दोस्रो, एनआइसी एसिया डिबेन्चर र नेपाल एसआइबी बैंक डिबेन्चरका लगानीकर्ताले कमाए।

यस्तै, फस्ट माइक्रोफाइनान्स लघुवित्त, कुमारी धनवृद्धि योजना, झापा इनर्जी, आत्मनिर्भर लघुवित्त र होट फरेस्ट इनका लगानीकर्ताले भने गुमाएका छन्।

कारोबार भएका कुल कम्पनीमध्ये १३ वटाको उकालो लाग्दा २५१ कम्पनीको ओरालो लागेको छ। यस्तै, पाँच कम्पनीको भने सेयर मूल्यमा कुनै परिवर्तन भएन।

# तुलसीपुरका थारू महिला तरकारीखेतीबाट आत्मनिर्भर बन्दै



दाङ । तुलसीपुर उपमहानगरपालिका-१५ अकमीगाउँका थारु महिला मौसमी तथा बेमौसमी व्यावसायिक तरकारीखेती गरी मनग्य आम्दानीमार्फत् आत्मनिर्भर बन्दै आएका छन् ।

अकमीगाउँसहित आसपासका गाउँका थारु महिला अहिले व्यावसायिक तरकारीखेतीतर्फ आकर्षित भएका हुन् । यसबाट जीविकोपार्जन गर्न र छोराछोरीलाई पढाउन सजिलो भएको थारु महिला बताउँछन् ।

तुलसीपुर-१५ की ४४ वर्षीया स्यानी चौधरीले व्यावसायिक रूपमा तरकारीखेती गर्न थालेको लामो समय बितिसकेको छ । उनले तरकारीखेती गरेर आत्मनिर्भर बन्नुका साथै आफूलाई एक सफल महिला कृषकका रूपमा चिनाएकी छिन् ।

उनले मौसमी र बेमौसमी तरकारीसहित धनियाँ बिक्री गरेर वार्षिक रु चार लाखसम्म आम्दानी भइरहेको जानकारी दिइन् । आफूले उत्पादन गरेको धनियाँ र तरकारी बिक्री गर्न एकाबिहानै छिटुवा बोकेर तुलसीपुर बजारका घरघर पुग्छिन्, उनी ।

यसपटक मौसमी धनियाँ बिक्रीबाट मात्र रु दुई लाख ५० आम्दानी भएको स्यानीले बताइन् । उनले भनिन्-“अहिले बेमौसमी तरकारीखेती र धनियाँखेती गरेकी छु । उत्पादन मनग्य छ, दिनहुँजसो बजारमा बिक्री गरिरहेकी छु ।”

विसं २०५८ देखि यो पेसा अपनाएको बताउँदै स्यानीले १५ वर्षदेखि व्यावसायिक रूपमा खेती सुरु गरेको जनाइन् । उनले हाल १० कट्ठा जमिनमा स्थानीय जातको बेमौसमी धनियाँखेती गरेकी छिन् भने १० कट्ठा जमिनमा तरकारीखेती गरेकी छिन् ।

एक वर्षमा दुईपटक मौसमी र बेमौसमी तरकारीखेती गर्दै आएको बताउने उनले धनियाँ प्रतिमुठा रु २० मा बिक्री गर्दै आएको जानकारी दिइन् । उनका अनुसार बोडी, भिन्डी, करेला प्रतिकिलो रु एकसय २० सम्म बिक्री हुन्छ ।

तरकारी बेचेर भएको आम्दानीबाट स्यानीले गाउँमा १७ कट्ठा चार धुर जमिन जोडेको बताइन् । हाल १० कट्ठामा धनियाँखेती र बाँकी जमिनमा बेमौसमी तरकारीखेती गर्दै आएको उनले उल्लेख गरे ।

तुलसीपुर उप-महानगरपालिकाले तरकारी बिक्रीका लागि बनाइदिएको तरकारी केन्द्र बजारबाट टाढा रहेकाले त्यहाँ उपभोक्ता नजाँदा सडकमै बसेर बिक्री गर्नुपर्ने बाध्यता रहेको स्यानीले बताइन् ।

तुलसीपुर-१५ की ५५ वर्षीया रेखा चौधरी पनि व्यावसायिक रूपमा तरकारीखेती गरेर आत्मनिर्भर बनेकी छिन् । उनले १५ कट्ठा जमिनमा टमाटर, काँक्रा, सिमी, भिन्डी, बोडीलगायत बेमौसमी तरकारीखेती गरिरहेको जनाइन् । उत्पादन गरेको तरकारी बिक्री गर्न दैनिकजसो बिहानै आफू तुलसीपुर बजारमा आउने गरेको उनले जानकारी दिइन् ।

रेखाले भनिन्-“पहिला हामीले धानखेती गर्दथ्यौँ, तर त्यसबाट मात्र मनग्य आम्दानी लिन नसकेपछि धानखेती छाडेर छ वर्षदेखि तरकारीखेती गरेका छौँ, दुःख भए पनि आम्दानी प्रशस्त हुन्छ । तर सडक छेउमा बसेर तरकारी बेच्नुपर्ने बाध्यताले दुर्घटनाको जोखिम छ ।” सडक छेउमा बसेर एक वर्षमा रु चार लाखसम्म आम्दानी भइरहेको उनले जानकारी दिइन् ।

तुलसीपुर-१५ की ४० वर्षीया राजपति चौधरीले तरकारीखेतीमा रमाउँदै वार्षिक रु तीन लाख ५० हजारसम्म आम्दानी गरिरहेकी छिन् । उनले १४ कट्ठा जमिनमा व्यावसायिक रूपमा मौसमी र बेमौसमी तरकारीखेती गरेर आत्मनिर्भर बनेकी छिन् । तरकारीखेतीबाटै भएको आम्दानीले दुई छोराछोरीलाई कृषि प्राविधिक विषय पढाउन सजिलो भएको उनले बताइन् ।

सामान्य लेखपढ गरेको बताउने राजपतिले यो पेसामा टिकाइराख्न महिलालाई तरकारीको उचित मूल्य र बजारीकरण, सुरक्षित बिक्री गर्ने स्थान तथा उन्नत जातको बिउ र कीटनाशक औषधि, तालिमको व्यवस्था आवश्य रहेको भन्दै स्थानीय सरकारले सहयोग गर्नुपर्नेमा जोड दिइन् ।

यी तीन महिला मात्रै होइन अकमी, धम्कापुर, मटेरा, मेटेरी, गोलौरी, पड्डालगायत गाउँका ५०० बढी थारु महिला तरकारीखेतीमार्फत् आत्मनिर्भर बन्दै आएका छन् । तरकारीखेतीबाटै आत्मनिर्भर बन्दै गएका उनीहरूमध्ये अधिकांशले दिनहुँ तुलसीपुरस्थित सीतलपुर चोकका सडक छेउमा बिहानैदेखि बसेर तरकारी बिक्री गर्दै आएका छन् ।

तुलसीपुर उप-महानगरपालिकाकी उपप्रमुख स्यानी चौधरीले अकमी, धम्मकापुर, तथा आसपास क्षेत्रमा रहेका छ वटाभन्दा बढी गाउँका सयौँ थारु महिला तरकारीखेतीमार्फत् आत्मनिर्भर बन्दै गएको बताइन् । उनले उपनगरपालिकाभित्र तरकारीखेती गर्ने सबै कृषकद्वारा उत्पादित तरकारीको उचित मूल्य प्राप्त गर्न, बजारीकरणका लागि आफूहरू गम्भीर रहेको बताइन् ।

उपप्रमुख चौधरीले तुलसीपुर उपमहानगरपालिका-६ मा रहेको तरकारी बजार केन्द्रमा विभिन्न गाउँबाट तरकारी बिक्री गर्न आउने किसानका लागि बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म समय छुट्याइएको जनाइन् । सो स्थान निःशुल्क रूपमा प्रदान गरिएको उनको भनाइ छ । “ग्राहक त्यस ठाउँमा आउन मान्दैनन् भन्ने किसानको गुनासो आएपछि हाललाई तुलसीपुर क्षेत्रका विभिन्न तीन ठाउँमा किसानलाई सडक छेउका फुटपाथमा सुरक्षित भएर तरकारी बिक्री गर्न अनुमति दिएका छौँ ।”-उपप्रमुख चौधरीले भनिन् ।

यसैगरी, उनीहरूलाई दिसापिसाब गर्न केही असहज भएकाले आसपासका होटेल तथा पसलका शौचालय प्रयोगका लागि उप-महानगरले समन्वय गरिरहेको उनले जानकारी दिइन् । उपमहानगर क्षेत्रका धेरै किसान तरकारीखेतीमा आकर्षित भई आत्मनिर्भरतर्फ उन्मुख भइरहेकाले उपमहानगरले आवश्यक समन्वय र सहजीकरण गरिरहेको उनको भनाइ छ । विशेषगरी तरकारीखेतीले गर्दा महिलालाई आर्थिक रूपमा सक्षम बनाउन मद्दत पुगेको उनले बताइन् ।

# सर्प उद्धारसम्बन्धी तालिम



तिलोत्तमा । तिलोत्तमा नगरपालिकाले नगर प्रहरी र विपद्मा खटिने स्वयम्सेवकलाई सर्प उद्धारसम्बन्धी तालिम प्रदान गरेको छ । नगर पालिकाका १७ वटै वडामा क्रियाशिल विपद् व्यवस्थापनमा खटीने स्वयम्सेवकलाई सर्पको बारेमा जानकारी गराउने, कस्तो प्रकारको सर्प विसालु र कुन प्रकारको सर्प विसालुरहित हो भन्ने बारेमा जानकारी गराउनुका साथै घर गोठमा देखिएका सर्पहरुको के-कसरी उद्धार गर्ने भन्नेबारेमा तालिम प्रदान गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए । तालिममा सिकेका कुरा व्यवहारमा लागु गर्न र टोल बस्तीमा भेटीएका सर्पको सुरक्षित तवरले उद्धार गर्नका लागि यस्ता तालिम फलदायी हुने पनि उनले जनाए ।

तालिममा प्रशिक्षण दिइरहेका प्रविन पाण्डेले नेपालमा र तिलोत्तमा क्षेत्रमा पाइने सर्पको बारेमा प्रकाश पार्दै विसालु र नविसालु सर्पको प्रकारबारे प्रकाश पारेका थिए ।

मंगलबारदेखि सुरु भएको तालिममा पहिलो दिन विपद्मा खटीने स्वयम्सेवकलाई र बुधबार नगर प्रहरीलाई प्रशिक्षण दिने तालिमको व्यवस्थापन गर्ने संस्था रुपन्देही टेनिङ इस्टिच्यूट बुटवल रुपन्देहीका सञ्चालक सागर पाण्डेले बताए । विपद् व्यवस्थापन समितिका सभापति सुरेन्द्र श्रीको अध्यक्षतामा भएको तालिममा सर्प उद्धारकर्ता विशाल पाण्डे, नविन पौडेलले प्रशिक्षण दिएका हुन् ।

# नर्सरी सिँचाइमा ‘अटोमेटिक’ प्रविधि



गलकोट । यहाँको बागलुङ नगरपालिका-६ को पञ्चकोट जाने बाटैमा गङ्गाबहादुर थापाको फलफूल नर्सरी छ । उनी सधैँ नर्सरीमै बस्न भ्याउँदैनन् । तर उनले नभ्याउँदा पनि आफैँले नियमित सिँचाइ भने गरिरहेका छन् ।

यस्तो कसरी सम्भव भयो होला ? धेरैको मनमा यस्तै जिज्ञासा आउन सक्छ । तर यो प्रविधिको माध्यमबाट सम्भव भएको हो । पाँच रोपनी जमिन ३० हजार रुपैयाँ वार्षिक भाडा तिर्नेगरी लिएर गङ्गाबहादुरले ‘पञ्चकोट फलफूल नर्सरी’ स्थापना गरेका हुन् । बीस लाख रुपैयाँ लगानी गरेर स्थापना गरिएको नर्सरीमा टाइफ्लेट नामक जङ्गली तीनपाते सुन्तलाको बिरुवाको जरामा स्थानीय खोकु जातको सुन्तलालाई कलमी गरेर विषम हावापानी सहने बिरुवा उत्पादन गरिरहेका छन्, उनले ।

बिरुवालाई कीरा र विभिन्न सङ्क्रमणबाट जोगाउन प्लाष्टिक टनेल र जाली लगाइएको छ । टनेलमा गण्डकी प्रदेशकै नमूना अटोमेसन प्रविधिको जडान गरेको उनले बताए । सोही प्रविधिको माध्यमबाट उनले जुनकुनै स्थानमा बसेर टनेलमा सिँचाइ गर्दै आएका छन् । सिँचाइको आवश्यकतापश्चात् इन्टरनेटको माध्यमबाट मोबाइलबाटै अटोमेसन प्रविधि सञ्चालन गर्न सकिनेछ ।

बिरुवाको आवश्यकताका आधारमा आफू बागलुङ, म्याग्दी र जहाँ भए पनि अटोमेसन प्रविधिले विद्युत् र इन्टरनेटसँगै मोबाइलको सहायताले सिँचाइ गर्न सक्ने उनले बताए । इन्टरनेट र विद्युत्मा समस्या भए धारोबाट थोपा सिँचाइ प्रविधिबाट सिञ्चित गर्ने गरेको उनको भनाइ छ ।

“सिँचाइको आवश्यकता भएपछि मोबाइलमा अटोमेसन प्रविधिबाट अनुमति दिएपछि टनेलमा रहेको प्रविधि सक्रिय हुन्छ, टनेलमाथिबाट आकाशबाट पानी परेजस्तै गरी सिँचाइ हुन्छ”, थापाले भने-“प्रविधिको प्रयोगले आफू जहाँ भए पनि सिँचाइ गर्न सकिन्छ ।”

उक्त प्रविधिका सञ्चालनका लागि टनेलभित्र विद्युत् र इन्टरनेटको सुविधा भने उपलब्ध भइराख्नुपर्ने हुन्छ । गङ्गाबहादुरले यही स्थानमा फलफूलका बिरुवासँगै गोलभैँडा, खुर्सानी र अन्य तरकारी पनि लगाउनुभएको छ । पाँचवटा हाइटेक टनेलमा विभिन्न मौसमी र बेमौसमी तरकारीखेती गरेका छन् ।

गङ्गाबहादुरको नर्सरी व्यवस्थापनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङले पनि सघाएको छ । नर्सरी व्यवस्थापनका लागि चार लाख रुपैयाँ परियोजनाले प्रदान गरेको छ । जिल्लाकै उदाहरणीय फार्मलाई थप व्यवस्थापनका लागि परियोजनाले सहयोग गरेको परियोजनाका प्रमुख नारायण पौडेलले बताए ।

त्यसो त गङ्गाबहादुरको स्थायी ठेगाना जैमिनी नगरपालिका-९ पैयुँथन्थाप हो । उनी पहिलोपटक गौंडाकोट आउँदा रुखो रातो माटो, हिउँदमा धुलाम्य, बर्खामा चिप्लो बाटो थियो । उनी जैमिनी छाडेर तरकारीखेती गर्न बागलुङ नगरपालिका छिरेको २० वर्ष भयो ।

उनले गौंडाकोटलाई कृषिगाउँका रूपमा चिनाएर अन्य स्थानमा समेत कृषिका काम थालेका हुन् । उनले कृषिमा आधुनिक प्रविधिसमेत भित्र्याएर अरुका लागि प्रेरणासमेत बनेका छन् । तरकारीखेती गरेर वार्षिक २० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्ने जिल्लाको अगुवा कृषकका रुपमा उनी रहेका छन् ।

बागलुङमा तरकारी र म्याग्दीको भकिम्लीमा १०० रोपनी जमिनमा त्यहाँका स्थानीयसँगको सहकार्यमा सामूहिक किवीखेती फार्म विस्तार गरेका गङ्गाबहादुरले पछिल्लो समय बागलुङ जिल्लामै नमूना प्रविधिसहितको सुन्तलाको नर्सरी स्थापना गरेका हुन् ।

गङ्गाबहादुरको नर्सरी जिल्लामामात्र नभएर देशभरकै किसानलाई समेत सिकाइ केन्द्र बनेको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले बताए ।

धार्मिक पर्यटकको आकर्षण बढिरहेको पञ्चकोटमा गङ्गाबहादुरको नर्सरी र नवीनतम् सोचले कृषि पर्यटकको नजरसमेत कृषिमा पर्न थालेको छ ।

**संख्याको...**

‘यो सरकारको प्रधानमन्त्री छ कि छैन, छ भने प्रधानमन्त्रीले सदनलाई सम्बोधन गर्नुपर्छ कि पर्दैन ?,’ उनले भने-‘सांसदको प्रश्नको उत्तर दिनुपर्छ कि पर्दैन ? सांसदको प्रश्नको उत्तर नदिनु भनेको जनताको प्रश्नको जवाफ नदिनु हो ।’

उनले प्रश्नको उत्तर दिन नसक्ने प्रधानमन्त्री असक्षम ठहरिने पनि टिप्पणी गरे । ‘प्रश्नको जवाफ नदिनु भनेको असक्षमता हो । के हाम्रो प्रधानमन्त्री अयोग्य र असक्षम बन्नु भएको हो त ?,’ उनले उनले भने- ‘जनता सरकारसँग डराएर बाँच्नु परेको छ । जनताको जीउधनको रक्षा गर्न नसक्ने, सीमा रक्षा गर्न नसक्ने अनि यो सरकार कसरी सफल सरकार भन्न सकिन्छ ?’

उनले भारतले सीमा क्षेत्रमा निर्माणको काम गरिरहेको विषयमा पनि सरकारलाई प्रश्न गरे ।

‘सीमावर्ती क्षेत्रमा छिमेकी सरकारले गरिरहेको निर्माण कार्य नेपाल सरकारलाई सोधेर गरेको हो वा आफूखुसी गरिरहेको हो ?,’ उनले भने-‘उदाहरण महाकालीको तटमा पारिपट्टी भइरहेको निर्माणलाई देख्न सक्छौं ।’

**तिलोत्तमाले...**

२०८१ मा गठित भूमि समस्या समाधान आयोगबाट नाप नक्सा गरी बसोबासी निस्सा दिएको र तिलोत्तमा नगरभित्र अव्यवस्थित बसोवासी भूमिहीन सुकुम्वासी ८ हजार ४७६ परिवारको लगत संकलन सिफारिस भई भूमि आयोगमा दर्ता सूचीकृत भई जग्गा धर्नि प्रमाणपत्र दिने प्रकृयामा रहेको अवस्थामा अहिलेको सरकारले आयोग खारेज गर्नु गैर जिम्मेवार कदम भएको संघर्ष समितिका संयोजक तेजबहादुर कुँवरले बताए ।

‘केन्द्रीय सरकारले अभिभावकीय भूमिका निभाएर समस्या समाधान गर्नु पर्नेमा सेना र प्रहरीको बलमा नागरिकमाथि दमन गरी ५०-६० वर्षदेखि बस्दै आएको घर-टहरामा डोजर चलाउँदा लाखौं नागरिक रातमा सुत्न सकेका छैनन्,’ कुँवरले भने-‘लिपुलेक, कालापानी, सुस्ता अतिक्रमणमा सरकार मौन छ, तर नागरिकले वर्षौं जोतभोग गरेको ५-१० धुर जग्गामा घरबास बनायो भनेर डोजर चलाएर उठिबास बनाएको छ ।’

जीवनभरको कमाईबाट बनाएका घरमा डोजर चल्ने डरले कैयौं मान्छे मानसिकरुपमा विक्षिप्त हुन थालेका र मनमा डर र त्रास बोकेर हिंडेका उनले गुनासो गरे ।

भूमि ऐन २०२१ आठौ संशोधनअनुसार प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि भूमिहीन सुकुम्वासी अव्यवस्थित बसोवासीलाई एक पटकको लागि ऐलानि वा अन्य सरकारी जग्गा वा अभिलेखमा वनक्षेत्र जनिएको भएता पनि आवादीमा परिणत भएको जग्गामा कम्तिमा १० वर्ष अघिदेखि जोतभोग गरेका अव्यवस्थित बसोवासी भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन सक्ने भन्ने कानुनी व्यवस्था रहेकाले सोहीअनुसार व्यवस्थापन गर्न संघर्ष समितिले माग गरेको छ ।

संघीय सरकारबाट आएको परिपत्रमा पुनर्विचार गरी जनतालाई त्रासमुक्त हुने वातावरण बनाउनन संघर्ष समितिले प्रधानमन्त्रीलाई अनुरोध गरेको छ ।

भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीमाथि सरकार आक्रामक रुपमा प्रस्तुत भएमा कठोर संघर्षका कार्यक्रमहरु सञ्चालन गर्न बाध्य हुने र त्यसबाट उत्पन्न हुने परिस्थितिको जवाफदेहिता सरकारले लिनुपर्ने संघर्ष समितिका सचिव यादव अर्यालले बताए । नगर प्रमुखलाई ज्ञापनपत्र बुझाउन १७ वटै वडाबाट सयौंको संख्यामा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी प्लेकार्ड र ब्यानरसहित नगरपालिका कार्यालय परिसर पुगेका थिए ।

**रुपन्देहीका...**

विद्यालयका प्राचार्य दिनेश भुसालका अनुसार शतप्रतिशत जीपीए ल्याउने विद्यार्थीहरूमा गरिमा अधिकारी, कृष्टिना पौडेल, नियोन बज्जाडे, ओजस्वी पौडेल, प्राञ्जल भण्डारी, प्रतिज्ञा कोइराला, सक्षम श्रेष्ठ, सालिस के.सी., सायन भट्टाचार्य, शिशिर बेलबासे र शिवम खड्का रहेका छन् । १४३ जना विद्यार्थीले परीक्षा दिएकामा ११ ३.६० जीपीएभन्दा माथि ७२ जना ,३.२ जिपिए भन्दा माथि ५५ जना तथा ३.१३ जीपीएभन्दा माथि ४ जना गरी उत्कृष्ट नतिजा हासिल गरेको भुसालले बताए ।

नविन औद्योगिक कदरबहादुर रिता माध्यमिक विद्यालयका प्रध्यानाध्यापक प्रेमबहादुर बस्नेतका अनुसार विद्यालयबाट सहभागी विद्यार्थीमध्ये एक जनाले ४.०० जीपीए ल्याउन सफल भएका छन् ।

उनले अन्जना ज्ञवालीले ४ जीपीए ल्याएको जनाए । त्यसैगरी, ए प्लस ग्रेड ल्याउने विद्यार्थीको संख्या ४१ जना, ए ग्रेड ल्याउने ६९ जना, बी प्लस ग्रेड ल्याउने ८८ जना तथा बी ग्रेड ल्याउने ४० जना रहेका छन् ।

यस वर्ष विद्यालयबाट जम्मा ३०८ जना विद्यार्थी एसईई परीक्षामा सहभागी भएका थिए । विद्यालय प्रशासनले नतिजालाई उत्साहजनक भन्दै विद्यार्थी, अभिभावक तथा शिक्षकहरूको मेहनतको प्रतिफल भएको जनाएको छ ।

बुटवल ९ को स्कलर्स होमले यस वर्षको एसईई नतिजामा उत्कृष्ट सफलता हासिल गरेको छ । विद्यालयका प्राचार्य बाबुराम बञ्जाडेका अनुसार विद्यालयका विद्यार्थीहरूले उल्लेखनीय नतिजा ल्याएका हुन्।

विद्यालयका विद्यार्थीमध्ये सक्षम सिंहले सबैभन्दा उच्च ३.९१ जीपीए प्राप्त गरेका छन् भने श्लेसा शर्माले ३.९ जीपीए ल्याएर उत्कृष्ट प्रदर्शन गरेकी छन् । विद्यालयबाट एसईई परीक्षामा सहभागी ६६ जना विद्यार्थीमध्ये ८ जनाले ए प्लस, २५ जनाले ए तथा २८ जनाले बी प्लस ग्रेड प्राप्त गरेका छन् । विद्यालय प्रशासनले यस नतिजालाई विद्यार्थी, शिक्षक तथा अभिभावकको संयुक्त मेहनतको परिणाम भएको जनाएको छ ।

प्राचार्य बञ्जाडेले आगामी दिनमा पनि शैक्षिक गुणस्तरलाई थप मजबुत बनाउँदै उत्कृष्ट नतिजा कायम राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# हात्तीसारमा जन्मिए चार छावा



चितवन । चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन् तथा तालिम केन्द्र खोरसोर सौराहामा यस आर्थिक वर्षमा चारवटा छावा जन्मिएका छन् । गत आवमा दुईवटा छावा जन्मिएका थिए । थप एउटा हात्तीले यस वर्ष बच्चा जन्माउने अवस्थामा पुगेको छ ।

प्रजनन् केन्द्रका प्रमुख मनपुरण चौधरीका अनुसार तमोर, रिमझिम, लोकतन्त्र र तीर्थमान कलीले यस वर्ष छावा जन्माएका हुन् ।

तीर्थमान कलीले पोथी र अरुले भाले छावा जन्माएका छन् । हाल केन्द्रमा नौवटा माउ, एउटा तालिमे बच्चा र छवटा साना बच्चा छन् । तीमध्ये दुईवटा गत वर्षका हुन् भने चारवटा यसै वर्षका हुन् । हात्तीले गर्भधारण गरेको २२ देखि २४ महिनामा बच्चालाई जन्म दिने गर्दछन् ।

निकुञ्जभित्रका विभिन्न पोष्टमा गरी हात्तीको संख्या ५८ वटा रहेका थिए । गत वर्ष दुईवटा हात्ती कतार पठाइएको छ । विसं २०४४ मा स्थापना भएको यस केन्द्रमा हालसम्म ६८ वटा बच्चा जन्मिसकेका छन् । यहाँका पोथी हात्तीलाई जङ्गली हात्तीले केन्द्रमा आएर गर्भधान गराउने गर्दछन् ।

ध्रुवे, रोनाल्डो, गोविन्दे र गत साल मरेको मकुनाले यहाँ पोथी हात्तीलाई प्रजनन् गराउँदै आएका छन् ।

यसै महिनाबाट भीमगज र शेरगज नाम दिइएका दुईवटा जङ्गली हात्ती पनि केन्द्रमा आउन थालेका छन् । केही दिनअघि शेरगज र रोनाल्डोबीचमा केन्द्रमा लडाइँ भएपछि अन्य हात्ती र माउते त्रसित भएका थिए । यहाँ जन्मिएका हात्तीका छावालाई तालिम दिएर निकुञ्जका पोष्टहरूमा काम गर्न पठाउने गरिन्छ ।

**भुल्टुङ्गआँपखोला सामुदायिक वन उपभोक्ता समूह,**
**ऐरावती गा.पा. ६ प्यूठान**

**काठ दाउरा लिलाम विक्री सूचना**

सूचना प्रकाशित मिति २०८३।०१।३०

डिभिजन वन कार्यालय, प्यूठानको च.न. १२५२ मिति २०८३/०१/२८ गतेको बिक्री सहमति अनुसार यस समूहको घाटगद्दीमा भएको खयर जातका ५८६ थान गोलियाको ४४४ । ६२ क्यू. फिट काठ लाई १ वटा लट कायम गरि घाटगद्धिमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नु परेकोले इच्छुक तथा रित पुगेका काष्ठ व्यवसायीले तोकिएको स्थान र निकायबाट २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा दिउसोको ११:०० बजे भित्र बोलपत्र खरिद गरिएकै स्थान र निकायमा सिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । यसको विस्तृत सूचना उपभोक्ता समूह, डिभिजन वन कार्यालय प्यूठानको सूचना पाटी तथा Website: https://dfopyuthan.lumbini.gov.np तथा अन्य डिजिटल माध्यमबाट समेत लीन सकिने व्यहोरा जानकारी गराइन्छ ।

**अध्यक्ष**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**सालको पात बोकेर घर फर्किंदै थारू महिलाः**
दाङको घोराही उप-महानगरपालिका-१२ स्थित हापुर बगिया गाउँका थारु महिला जङ्गलबाट सालको पात लिएर घर फर्किंदै । गाउँघरमा परम्परागत रूपमा भोजभतेर तथा दैनिक प्रयोगमा थालको विकल्पका रूपमा टपरी प्रयोग गर्ने गर्छन् । तस्विरः रासस

# बस दुर्घटनामा चार जनाको मृत्यु



अर्घाखाँची । अर्घाखाँचीको पाणिनी गाउँपालिकाको दुर्गाफाँट कुरुलेमा भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या चार पुगेको छ । २३ जना घाइते भएका छन् । सन्धिखर्क घुम्ती तानसेन पाल्पा सडकखण्ड अन्तरगत पाणिनी ८ को कुरुलेफाँट नजिक दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै, एक जनाको उपचारको क्रममा अर्घाखाँची अस्पताल र चालकको लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी दिवसबहादुर जिसीले बताएका छन् ।

घाइतेमध्ये चार जनाको अवस्था गम्भीर रहेको छ । घाइतेहरुको लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पा र भैरहवा मेडिकल कलेजमा उपचार भैरहेको छ । अर्घाखाँची अस्पतालका घाइतेलाई पनि उपचारकालागि भैरहवा मेडिकल कलेज पठइएको छ ।

घटनामा अधिकांश मोदी गाउँपालिका पर्वतका मानिसहरु परेको प्रहरीको भनाइ छ ।

सुपा देउराली दर्शन गरी पर्वत फर्किंदै गरेको ध १ ख ५०४ नम्बरको गाडी दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख जिसीले जानकारी दिए ।

प्रारम्भिक जानकारी अनुसार गाडीको ब्रेक फेल भएर दुर्घटना भएको र बस सडकबाट जंगलमा लगभग १०० मिटर तल खसेको छ । घटनाबारे थप अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।

घटना स्थलमा डीएसपी जिसीको कमाण्डमा खटिएको प्रहरीको टोली र स्थानीयले उद्धार गरेको पाणिनी गाउँपालिकाका पूर्व अध्यक्ष अच्युत गौतमले बताएका छन् ।

# नेपाल उद्योग वाणिज्य महासंघमा निर्वाचित पदाधिकारीहरूलाई सम्मान



बुटवल । नेपाल उद्योग वाणिज्य महासंघमा लुम्बिनी प्रदेशबाट निर्वाचित भएका पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्यहरुलाई बुटवलमा सम्मान गरिएको छ ।

बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले यही बैशाख २१ र २२ गते काठमाण्डौंमा सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघको ६०औं साधारणसभा तथा निर्वाचनमा लुम्बिनी प्रदेशबाट निर्वाचित पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्यहरुलाई सम्मान गरेको हो ।

उनीहरुलाई बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, पूर्वअध्यक्षहरु जीवनप्रसाद वझा, ज्ञानेन्द्र कसजू, अर्जुनमान सैंजू, निर्मलप्रसाद लाकौल, नवराज श्रेष्ठ, सुरेन्द्रप्रसाद श्रेष्ठ, खिमबहादुर हमाल तथा कार्यसमितिका पदाधिकारीहरुले सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघको आगामी ३ वर्षे कार्यकालको लागि जिल्ला/नगर तर्फबाट उपाध्यक्ष पदमा सिद्धार्थनगर भैरहवाका कृष्णप्रसाद शर्मा, लुम्बिनी प्रदेश अध्यक्षमा ठाकुरकुमार श्रेष्ठ सहित कार्यकारिणी समिति सदस्यमा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजू, परासीका केशवप्रसाद भण्डारी, पाल्पाका मोहनप्रसाद श्रेष्ठ, कोहलपुरका लक्ष्मणराज पौडेल, कपिलवस्तुका यज्ञप्रसाद भट्टराई, रोल्पाका बालकृष्ण सुवेदी जिल्लानगर तर्फबाट तथा सिद्धार्थ सिमेन्टका राजेशकुमार अग्रवाल, पञ्चकन्याका उज्ज्वलकुमार श्रेष्ठ, एसआर स्टिलका सुरज उप्रेती र सर्वोत्तम सिमेन्टका दिवश न्यौपाने एसोसियटतर्फबाट निर्वाचित भएका थिए ।

कार्यक्रममा बोल्दै महासंघ उपाध्यक्ष कृष्णप्रसाद शर्माले उद्योगी व्यवसायीका समस्याको समाधानका लागि आफू सक्रिय रुपमा लाग्ने प्रतिबद्धता जनाए । कार्यकारिणी समिति सदस्यहरुलाई विषयगत जिम्मेवारी दिएर सम्बन्धित क्षेत्रका मुद्दा उठान गरिने उनले बताए । उद्योगी व्यवसायीका समस्या समाधानका लागि जहाँ जहाँ जानुपर्ने हो गएर पहल गरिने उनको भनाइ थियो ।

उनले अधिकतम खुद्रा मूल्य (एम.आर.पी.) प्रणाली आवश्यक भए पनि एकैपटक कार्यान्वयन गर्न कठिन हुने भन्दै उद्योग, आयात र खुद्रा क्षेत्रलाई क्रमिक रुपमा समेट्दै अघि बढ्न सरकारलाई सुझाव दिए । त्यस्तै लुम्बिनी प्रदेश अध्यक्षमा निर्वाचित ठाकुरकुमार श्रेष्ठले समग्र लुम्बिनी प्रदेशको औद्योगिक, व्यवसायिक तथा आर्थिक विकासका लागि महासंघले नेतृत्वदायी भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे । उनले महासंघको अभियानमा साथ र सहयोग गर्न जिल्ला नगर तथा उद्योगी व्यवसायीहरुलाई आग्रह गरे ।

कार्यक्रममा स्वागत गर्दै बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले लुम्बिनी प्रदेशको औद्योगिक, व्यावसायिक तथा आर्थिक विकासका लागि प्रदेशका उद्योग वाणिज्य संघहरुबिच एकता र सहकार्य आवश्यक रहेको बताए । उनले देशको अर्थतन्त्रमा ७० प्रतिशतभन्दा बढीको योगदान गरेको निजी क्षेत्रलाई सरकारले उपेक्षा गरेको भन्दै निजी क्षेत्रलाई गरिने प्रोत्साहनले देशको अर्थतन्त्रलाई उकास्न मद्दत गर्ने भनाइ राखेका थिए ।

महासंघका पूर्व कार्यकारिणी सदस्य तथा संघका पूर्वअध्यक्ष ज्ञानेन्द्र कसजू र संघका पूर्वअध्यक्ष अर्जुनमान सैंजूले उद्योगी व्यवसायीको हकहित र समस्याको समाधानका लागि महासंघको सिंगो टिम र जिल्ला नगर उद्योग वाणिज्य संघबिचको सामन्जस्यतामा जोड दिए । उनीहरुले समस्यामा एकजुट भएर प्रदेशको औद्योगिक तथा आर्थिक विकासमा नेतृत्वदायी भूमिका खेल्न पनि आग्रह गरे ।

त्यस्तै सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्य, तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्की, बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, महासचिव मुक्त अधिकारीले निर्वाचित पदाधिकारीहरुलाई उद्योगी व्यवसायीका समस्या समाधानलाई प्राथमिकतामा राखेर दीर्घकालीन योजना निर्माण गरि काम गर्न सुझाव दिएका थिए ।

रूपन्देही सुपरलिगः

# नेपथ्य तिलोत्तमा विजयी




भैरहवा । नेपथ्य तिलोत्तमा क्रिकेट क्लबले रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको मंगलबारको खेलमा जित निकालेको छ । उसले जेआर क्रिकेट क्लबलाई ३० रनले हराउँदै जित हात पारेको हो छ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको नेपथ्य तिलोत्तमाले निर्धारित ५० ओभरमा ४२ ओभर ३ बल खेल्दै सबै विकेट गुमाएर १ सय ६९ रन बनायो ।

उसका लागि कृष्ण भुसालले ३४, प्रतीक भट्टराईले २५, अमन बोहराले २१, रोशन घिमिरेले १४, मौसम ढकाल र विकल अधिकारीले समान १०-१० रन बनाए । बलिङमा जेआरका कृष्ण पन्थी, खडक बोहरा र विनय जिसीले समान २-२ तथा विशाल भुसालले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको जेआरले ४७ ओभरमा सबै विकेट गुमाएर १ सय ३९ रन मात्रै बनायो र हार व्यहोर्यो । उसका लागि राज खनालले ६०, विशाल भुसालले १५, रोजन कुमालले १४, गगन अधिकारीले १३ र अनमोल श्रीस थापाले ११ रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा नेपथ्य तिलोत्तमाका मौसम ढकाल र कृष्ण भुसालले ३-३ तथा सन्दीप यादवले २ र आशुतोष पाण्डेले १ विकेट लिए । खेलमा कृष्ण भुसाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन् ।

# संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याऊ




बुटवल । राष्ट्रिय मानवअधिकार आयोगले संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने कामलाई प्राथमिकता दिन सरकारको ध्यानाकर्षण गराएको छ । आयोगले सरकारलाई १० पेज लामो नोट पठाएर संक्रमणकालीन न्यायको विषयलाई प्राथमिकतामा राखेर टुंगोमा पुऱ्याउनु भनेको हो ।

आयोगले गत शुक्रबार 'सरकारले प्राथमिकता दिनुपर्ने मानव अधिकारका विषयहरू' भनी सरकारलाई १० पेज लामो नोट पठाएको थियो । उक्त नोटमा संक्रमणकालीन न्यायको विषय प्राथमिकताका साथ समावेश छ ।

आयोगले पीडितहरूसँगको परामर्श र सहमतिमा संक्रमणकालीन न्यायिक प्रक्रियालाई पीडितमैत्री बनाउन भनेको छ । त्यसका हरेक चरणमा पीडितहरूलाई संलग्न लगाउन सुझाव दिएको हो ।

नेपालमा अहिलेसम्म संक्रमणकालीन न्याय टुंग्याउन बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई मात्रै बुझ्ने गरिएको भन्दै आयोगले त्यसबाहेक संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, सर्वोच्च अदालतका विगतका नजीर र संयुक्त राष्ट्रसंघीय मापदण्डलाई पनि ख्याल गर्न भनेको छ । नेपालमा अहिलेसम्म पनि संक्रमणकालीन न्यायलाई फौजदारी न्यायिक दृष्टिकोणबाट हेरिएको र त्यसले मात्रै प्राथमिकता पाएको टिप्पणीसहित आयोगले गैर न्यायिक दृष्टिकोणलाई पनि प्राथमिकता दिन सुझाएको हो ।

फौजदारी न्यायिक दृष्टिमा घटनामा संलग्न व्यक्तिहरूको पहिचान, उनीहरूको भूमिका एवं प्रमाणलगायत फौजदारी न्यायका कारबाही जोडिन्छन् । आयोगले तिनको साटो गैरन्यायिक प्रक्रिया भनी परिपूरण क्षतिपूर्ति, पुनर्स्थापना जस्ता विषयमा जोड दिएको हो ।

आयोगले आफ्नो सुझावबारे भनेको छ- 'संक्रमणकालिन न्यायको प्रकृयालाई निष्कर्षमा पुऱ्याउन न्यायिक र गैर न्यायिक दुवै प्रक्रिया अवलम्बन गर्न गरी सो सम्बन्धी कार्यविधि र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।'

आयोगले संक्रमणकालीन न्यायिक प्रक्रियामा पीडितलाई सहज पहुँच दिन, पीडितको संख्याका आधारमा मुकाम स्थापना गरी पहुँच स्थापित गराउन र यौनहिंसाका पीडितहरूसम्म आयोगको पहुँच सुनिश्चित गर्न भनेको हो । आयोगले पीडितको उजुरीमा भएको प्रगतिबारे अद्यावधिक सूचना पाउने प्रणाली पनि विकास गर्नु भनेको छ ।

सत्य, न्याय र परिपूरणबिचको सन्तुलनबाट मात्रै संक्रमणकालीन न्याय अघि बढ्नसक्ने भन्दै आयोगले संक्रमणकालीन न्यायलाई राजनीतिक सौदाबाजी बाहिर राख्न भनेको हो । आयोगले गम्भीर मानवअधिकार उल्लंघनका दोषीलाई कारबाहीको सुनिश्चितता गर्नुपर्ने भनेको छ ।

आयोगले पीडित परिवारलाई शिक्षा, स्वास्थ्य, जीविकोपार्जनलगायतका परिपूरण गर्न भनेको छ । अनि मृतक र बेपत्ता परिवारको सम्झनामा स्मारक निर्माणलगायतका काम गर्न भनेको छ । संक्रमणकालीन न्यायका कतिपय विषयवस्तुमा प्रदेश र स्थानीय सरकार पनि जोडिने भन्दै आयोगले तिनलाई समेत भूमिका दिएर परिपूरणको अधिकार सुनिश्चित गर्न भनेको हो ।

आयोगले सरकारलाई पठाएको १० पेज लामो नोटमा भनिएको छ- 'विस्तृत शान्ति सम्झौताको करिब दुई दशक पूरा हुन लागे पनि सबै पीडितको पहिचान हुन नसकेको हुँदा सबै पीडितको पहिचान अभिलेखीकरण र पञ्जीकरणको काम तत्काल अघि बढाई पीडितको पहिचान गरी उनीहरूको परिपूरणसम्बन्धी अधिकारको सुनिश्चित गर्नुपर्ने ।'

संक्रमणकालीन न्यायको वैधताको प्रमुख आधार पीडितहरू रहेको भन्दै आयोगले उनीहरूलाई प्रथमिकता दिएर काम अघि बढाउन भनेको हो । आयोगले पठाएको नोटमा भनिएको छ-'यस प्रक्रियामा पीडितहरूको विविधतालाई समेटी उनीहरूको अर्थपूर्ण परामर्श, सहभागिता र प्रतिनिधित्वको सुनिश्चित गर्न गराउनुपर्ने ।'

विभिन्न सरकारहरूले तीन दशकको अवधिमा संक्रमणकालीन न्यायको प्रक्रिया टुंग्याउन तीनवटा आयोग गठन गरेपनि कुनैले पनि काम सम्पन्न गर्न सकेनन् । यसअघिका दुई आयोग आफ्नो काम गर्न नसकेर पदावधि सकिएको थियो भने पछिल्लो आयोगहरूप्रति पीडितहरूले प्रश्न उठाएका थिए ।

सरकारले अघिल्लो साता अध्यादेशमार्फत् दुवै आयोगका पदाधिकारीहरूलाई पदमुक्त गरेको छ । तर, नयाँ आयोग गठन प्रक्रिया सुरु हुन सकेको छैन । आयोगका नयाँ पदाधिकारीहरू नियुक्त भएपछि मात्रै संक्रमणकालीन न्यायका प्रक्रियाहरू अघि बढ्ने देखिन्छ ।

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com